नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०

चलानी नं.:- ३६९

मितिः- २०७९/१२/२३

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

श्री स्थानीय तह (चितवन, बारा र तनहुँ जिल्लाका सबै)।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको च.नं. ९२ मिति २०७९/१२/२१ को प्रतिनिधि सभा सदस्य उपनिर्वाचनका लागि मतदाता शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी पत्र आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

आयुषी भट्टराई
शाखा अधिकृत

बोधार्थः
श्री निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गराइदिनुहुन।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: ५२०८६३/८०

मिति : २०७९।१२।२१

विषय : **प्रतिनिधि सभा सदस्य उपनिर्वाचनका लागि मतदाता शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

प्रिय सहकारीज्यू,

प्रतिनिधि सभामा रिक्त रहेका चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २, बारा जिल्ला निर्वाचन क्षेत्र नं. २ र तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ गरी तीन वटा निर्वाचन क्षेत्रका प्रतिनिधि सभा सदस्य पद-३ का लागि सम्वत् २०८० साल वैशाख १० गते हुन गइरहेको उपनिर्वाचनमा निर्वाचन प्रचार प्रसार तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि उक्त निर्वाचन क्षेत्रभित्रका स्थानीय तहका वडाहरुमा मतदाता शिक्षा स्वयंसेवक परिचालन गर्ने गरी आयोगबाट मिति २०७९।१२।२१ गते निर्णय भएको हुँदा आयोगको निर्णय बमोजिम सम्बन्धित स्थानीय तहका वडाहरुमा कार्यक्रम सञ्चालन गर्न गराउन निम्न बमोजिमको आवश्यक व्यवस्था हुनका लागि सम्बन्धित स्थानीय तहहरुलाई आवश्यक समन्वय गरिदिनुहुन अनुरोध गर्दछु ।

- आगामी वैशाख १० गते चितवन, बारा र तनहुँ जिल्लामा हुन गइरहेको उपनिर्वाचनको निर्वाचन क्षेत्रभित्र रहेका सम्बन्धित स्थानीय तहका वडाहरुमा मतपत्रमा छाप लगाउने सहि तरिका सम्बन्धी जानकारी गराउन सम्वत् २०८० साल वैशाख १ गतेदेखि ७ गतेसम्म प्रत्येक वडामा २ जनाका दरले मतदाता शिक्षा स्वयंसेवकहरु परिचाल गर्ने ।

- वडा तहमा परिचालन हुने मतदाता शिक्षा स्वयंसेवकहरुका लागि स्थानीय तहमा सम्वत् २०७९ चैत्र २७ र २८ गते सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरुले अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

- आयोगबाट स्वीकृत मतदाता शिक्षा निर्देशिका, २०७९ बमोजिम स्थानीय तहका वडाहरुमा निर्वाचन प्रचार प्रसार तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न खटिने मतदाता शिक्षा स्वयंसेवकहरुलाई सम्बन्धित स्थानीय तहको श्रोतबाट खर्च व्यहोर्ने गरी प्रतिव्यक्ति प्रतिदिन रु. १०००।- का दरले जम्मा रु.७०००।- पारिश्रमिक उपलब्ध गराउने ।

- उल्लेखित मतदाता शिक्षा कार्यक्रमको समन्वय र अनुगमनका लागि स्थानीय तहमा भएका निर्वाचन सम्पर्क व्यक्तिहरुलाई अनुगमन अधिकृतकारुपमा खटाउने ।

  निर्वाचन सम्पर्क व्यक्तिहरुका लागि अनगुमन भ्रमण खर्च बापत प्रति व्यक्ति एकमुष्ट रु ५०००। आयोगबाट जिल्ला निर्वाचन कार्यालय मार्फत उपलब्ध हुने तथा मतदाता शिक्षा स्वयंसेवकहरुका लागि आयोगबाट सहयोगी पुस्तिका, नमूना मतपत्र र मतपत्रमा छाप लगाउने सहि तरिका सम्बन्धी पोष्टर सम्बन्धित जिल्ला निर्वाचन कार्यालय मार्फत उपलब्ध हुने ।

श्री सचिव,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार ।

( गोकर्णमणि दुवाडी )
सचिव